**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।**

क. **निकायको स्वरुप र प्रकृती** :
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार संचालन गर्न "**क**" वर्गको ईजाजत प्राप्त बैंक।

ख. **निकायको काम कर्तव्य र अधिकार** :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम तथा बैंकको प्रबन्ध पत्रमा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार।

ग. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कर्मचारी संख्या ३०७२ रहेको छ र बैकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ। व्यवस्थापन समुहको नाम र पद बैंकको वेवसाईट www.globalimebank.com बाट जानकारी लिन सकिन्छ।

घ. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "**क**" बर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैकको वेवसाईट www.globalimebank.com बाट जानकारी लिन सकिन्छ।

च. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** :
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धित आवश्यक अन्य सम्पुर्ण विषय बस्तुहरु यस बैंकको वेवसाईटमा प्रकाशित गरिएको छ।

छ. **निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाईएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णय कर्ताको रुपमा रहेको छ।

ज. **निर्णय उपर उजुरी सून्ने अधिकारी :**
बैंकको कारोवार तथा यसले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रिय स्तरमा प्रमुख सुचना प्रविधि गुनासो सुन्ने अधिकारीको रुपमा राख्ने व्यवस्था गरिएको छ निजको नाम तथा ठेगाना यस प्रकार छ।

**श्री अनिल जोशी**
प्रमुख सुचना प्रविधी
ग्लोबल आइएमई बैंक लिमिटेड
नयां बानेश्वर, काठमाण्डौ
फोन नं.: ०१–४७८५५७३,४७८६१००
इमेल : feedback@gibl.com.np

झ. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "**क**" बर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेको छ।

ञ. **सूचना अधिकारीको नाम र पद :**
सूचना अधिकारी : श्री सुरेन्द्र राज रेग्मी

पद : नायब महा-प्रबन्धक

**ट. ऐन, नियम, विनियम वा निर्देशीकाको सूची :**

बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशीकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३
२. नेपाल राष्ट्र बैंक ऐन २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण अशुली ऐन २०५८
४. कम्पनी ऐन २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४
६. सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन २०६४
७. धितोपत्र सम्बन्धी ऐन २०६३
८. सुरक्षित कारोवार ऐन २०६३
९. मुलुकी देवानी संहिता २०७४
१०. विनिमय अधिकारपत्र ऐन २०३४
११. विदेशी विनिमय (नियमीत गर्ने) ऐन २०१९
१२. उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस्तो विवरण बैंकको वेवसाईट www.globalimebank.com मा समेत उपलव्ध छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

नाम : श्री महेश शर्मा ढकाल

ठेगाना : ग्लोबल आइएमई बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. २८, कमलादी, काठमाण्डौं ।

फोन नं.: ०१–४२२८६७१, ४२२६२४७,

इमेल : mahesh.sharma@gibl.com.np,

**ढ.** साथै सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाए बमोजिम रहेको छ ।

क. **अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**

यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

ख **सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण** :

www.globalimebank.com,

ग. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाईटमा समेत प्रकाशन गरिएको छ साथै बैंकको आर्थिक विवरणहरु, त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिका का साथै बैंकको वेवसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

मिति २०७७/३/३१

रजिष्टर्ड कार्यालय का.म.न.पा.–२८ कमलादी, काठमाडौं
फोन नं ०१–४२२८६७१, ४२२६२४७
फ्याक्स नं ०१–४२२८०३६
Email :- info@globalimebank.com.np,